राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक २२७ २०८२ चैत्र ८ गते आईतवार (22 March. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## यसकारण महँगिँदो राजनीति कमजोर हुँदै सहभागिता

दैनिक समाचारदाता
जनकपुरधाम, ७ चैत । बदलिँदो परिवेशसँगै राजनीतिक सहभागिता र उम्मेदवारहरूको निर्वाचन खर्च बढ्दै जाँदा समस्या तथा चुनौतीहरू पनि तीव्र बन्दै गएका छन् ।

राजनीतिमा सक्रिय हुन मात्र होइन, आम निर्वाचन जित्नसमेत दिनप्रतिदिन कठिन हुँदै गएको छ। विशेषतः दलित, विपन्न तथा आर्थिक रूपमा कमजोर समुदायका व्यक्तिहरूका लागि वर्तमान राजनीतिक संरचनामा सफल हुन झन् चुनौतीपूर्ण बन्दै गएको कार्यक्रममा सहभागीहरूले ठोकुवा गरेका छन्।

शनिबार जनकपुरधाममा दलित सरोकार मञ्चद्वारा आयोजित 'राजनीतिक सहभागितामा बढ्दो आर्थिक भारः अनुसन्धानको सार प्रस्तुति तथा अन्तरक्रिया' कार्यक्रममा वक्ताहरूले विगत र वर्तमान राजनीतिक अभ्यासबीच ठूलो अन्तर आएको उल्लेख गरे। पहिले राजनीति सेवा र विकासमुखी मानिन्थ्यो, तर अहिले आर्थिक लगानी र शक्ति प्रदर्शनको माध्यम बन्दै गएको उनीहरूको धारणा थियो।



धनुषा निर्वाचन क्षेत्र नं. ४ का पराजित प्रतिनिधिसभा उम्मेदवार डा. कृष्णचन्द्र साहले पार्टीभित्रै टिकट वितरणमा आर्थिक चलखेल हुने गरेको आरोप लगाए। उनका अनुसार पार्टीमा लगानी गर्न सक्ने र निर्वाचनमा ठूलो खर्च गर्न सक्ने व्यक्तिलाई मात्र टिकट दिइने प्रवृत्ति बढ्दो छ। उनले भने, "निर्वाचन प्रक्रियालाई कम खर्चिलो बनाउन नीतिगत सुधार आवश्यक छ। दल तथा नेतामाथि हुने विदेशी लगानी रोक्नुपर्छ, धर्म र संस्कृतिका आधारमा हुने राजनीति अन्त्य गर्नुपर्छ र निर्वाचन आयोगले समयअनुकूल प्रविधिको प्रयोग बढाउनुपर्छ।"

प्रदेश सांसद रुपा यादवले पनि राजनीति र निर्वाचन जित्न पर्याप्त आर्थिक स्रोत आवश्यक हुने बताइन्। उनका अनुसार निर्वाचन जितेपछि पनि चुनौतीहरू कम हुँदैनन्, किनकि खर्च बढ्दो छ, आम्दानी सीमित छ र जनताको अपेक्षा निरन्तर उकालो लागिरहेको छ। यस्तो अवस्थामा निष्पक्ष राजनीति गर्नु अत्यन्तै कठिन भएको उनले बताइन्।

अनौपचारिक क्षेत्र सेवा केन्द्रका मधेश प्रदेश संयोजक राजु पासमानले २०८२ को निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुन नसकेको टिप्पणी गरे । उनले निर्वाचन आचारसंहिता उल्लंघनका घटनामा कारबाही नहुनु चिन्ताजनक भएको बताए ।

मधेश प्रदेश नीति आयोगकी सदस्य डा. शिला मिश्रले जनचेतनाको कमी र कमजोर नीतिगत संरचनाका कारण निर्वाचन प्रक्रिया महँगो बन्दै गएको बताइन्। उनले पारदर्शिताको अभावले पनि राजनीतिक खर्च बढाउने प्रवृत्तिलाई बल दिएको उल्लेख

बाँकी पृष्ठ ३मा

## वर्षाको पानीमा डुबेर महिलाको मृत्यु

दैनिक समाचारदाता
जनकपुरधाम, ७ चैत । शुक्रबार रातभर परेको हावाहुरीसहितको वर्षाका कारण महोत्तरीको बर्दिबासमा एक महिलाको मृत्यु भएको छ। बर्दिबास नगरपालिका-१ स्थित पूर्व-पश्चिम लोकमार्गको कल्भर्ट मुनि जमेको पानीमा शनिबार बिहान ती महिलाको शव फेला परेको हो।

प्रहरीका अनुसार अन्दाजी ४० वर्षीया ती महिलाको पहिचान अझै खुल्न सकेको छैन। लोकमार्गको कल्भर्ट मुनि वर्षाको पानी जमेको स्थानमा टाउकोसहित शरीरको दाहिने भाग डुबेको अवस्थामा स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।पहाडे मूलकी जस्ती देखिने मृतक महिला केही समयदेखि बर्दीबास क्षेत्रमा मागी खाँदै हिँड्ने गरेको स्थानीयले जनाए का छन् ।इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी विकास बमका अनुसार प्रहरीले घटनास्थलको मुचुल्का तयार गरी शवलाई पोस्टमार्टमका लागि बर्दिबास अस्पताल पठाएको छ।

उहाँले घटनाको थप विवरण र वास्तविकता बुझ्ने कार्य भइरहेको जनाउनुभयो ।

## कपिलवस्तुमा तनावपछि निषेधाज्ञा

दैनिक समाचारदाता
बुटवल ७ चैत । कपिलवस्तुको महाराजगञ्ज-बर्गदवा क्षेत्रमा दुई समुदायबीच उत्पन्न तनाव नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयले अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको छ।
आज बिहान मन्दिरमा भजन गाउने क्रममा भएको विवादपछि हिन्दू र मुस्लिम समुदायका युवाबीच झडपको अवस्था सिर्जना भएको थियो। सम्भावित थप द्वन्द्व रोक्न प्रशासनले आज दिउँसो २ बजेदेखि अर्को सूचना जारी नभएसम्म कुनै पनि भेला, सभा वा जुलुस गर्न नपाइने गरी निषेधाज्ञा लागू गरेको जनाएको छ।
प्रशासनका अनुसार निषेधाज्ञाको क्षेत्र पूर्वमा बर्गदी पुल, पश्चिममा बहादुरगञ्ज चोक, उत्तरमा महाराजगञ्ज बजार र दक्षिणमा हर्दौनासम्म तोकिएको छ।
राम नवमीको अवसरमा हिन्दू धर्मावलम्बीहरूले मन्दिरमा पूजा-आराधना गरिरहेका बेला र इदका अवसरमा मुस्लिम समुदायले मस्जिदमा नमाज अदा गरिरहेका समयमा दुवैतर्फबाट प्रयोग भएका माइकको आवाज चर्को भएको विषयमा विवाद उत्पन्न भई झडपमा परिणत भएको जनाइएको छ।
झडपका क्रममा ढुंगा प्रहार हुँदा पाँच जना सामान्य घाइते भएका छन्। निमित्त प्रमुख जिल्ला अधिकारी भविश्वर घिमिरेका अनुसार निषेधाज्ञा जारी गरेपछि अवस्था नियन्त्रणमा आएको छ।

## २ जना भारतीय नागरिकको मृत्यु

दैनिक समाचारदाता
काठमाडौ, ७ चैत । काठमाडौंको भोटेबहालमा बसको ठक्करबाट दुई भारतीय नागरिकको मृत्यु भएको छ ।
काठमाडौं महानगरपालिका-१२ भोटेबहालमा कालिमाटीबाट त्रिपुरेश्वरतर्फ आउँदै गरेको ओमजनता यातायातको ठक्करबाट भारतीय नागरिक ४५ वर्षीय पदम उपाध्याय र ३७ वर्षीय सतिशकुमार कुसवाहको मृत्यु भएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।
बागमती प्रदेश-३-०१-००५ ख ९२९८ नम्बरको बसको ठक्करबाट गम्भीर घाइते भएका उनीहरूलाई शुक्रबार राति राष्ट्रिय ट्रमा सेन्टरमा पुर्याइएको । दुवै जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिए ।
बसचालक दोलखा घर भई कपन बस्ने ३५ वर्षीय मानबहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । घटनाबारे प्रहरी वृत्त कालिमाटीले अनुसन्धान गरिरहेको प्रवक्ता सुवेदीले बताए। राससबाट


टन्सिलका लक्षणहरू:

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीँ सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहीँ वाकवाकी लाग्ने वा पेट दुख्ने

टन्सिलका लक्षण हुन सक्छन्,
यस्ता लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# हावाहुरीको चेतावनी, तयारी कता?

मधेश प्रदेशसहित देशका विभिन्न भागमा पछिल्ला दिनहरूमा देखिएको हावाहुरीसहितको वर्षाले फेरि एकपटक हाम्रो विपद् तयारीको वास्तविकता उजागर गरेको छ। जनकपुरधामदेखि काठमाडौँ उपत्यकासम्मको मौसमीय अवस्थाले स्पष्ट संकेत दिएको छ–प्राकृतिक जोखिम अब असामान्य घटना होइन, नियमित चुनौती बन्दै गएको छ।

जल तथा मौसम विज्ञान विभागले समयमै असिना, चट्याङ र तीव्र हावाहुरीको चेतावनी दिएको थियो। तर प्रश्न उठ्छ–के ती सूचनाहरू जनस्तरसम्म प्रभावकारी रूपमा पुगे? र पुगे पनि के त्यसलाई गम्भीरतापूर्वक लिइयो? नेपालमा हरेक वर्ष यस्ता चेतावनीहरू जारी हुन्छन्, तर जनचेतना र तयारीको स्तर उस्तै कमजोर रहिरहनु चिन्ताजनक विषय हो।

विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीले औंल्याएझैँ, मौसमी सूचनाको बेवास्ता नै ठूलो क्षतिको प्रमुख कारण हो। हावाहुरीको समयमा घरबाहिर ननिस्कन, रुख तथा विद्युत्का खम्बाबाट टाढा रहन वा सवारी साधन नचलाउन जस्ता सामान्य सावधानी अपनाउँदा धेरै जोखिम टार्न सकिन्छ। तर व्यवहारमा यस्ता सुझावहरूलाई प्रायः हल्का रूपमा लिइन्छ।

यसपटक पनि मधेश, कोशी र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा ५०-६० किमी प्रतिघण्टाको वेगमा हावाहुरी चल्ने अनुमान गरिएको छ। यसले रुख ढल्ने, कमजोर संरचना भत्किने, छाना उड्ने र विद्युत् तथा सञ्चार सेवा अवरुद्ध हुने जोखिम बढाउँछ। यस्ता घटनाले सामान्य जनजीवन मात्रै होइन, स्थानीय अर्थतन्त्र र सेवा प्रणालीलाई समेत प्रभावित पार्छ।

सरकारका निकायहरूले पूर्वतयारीका नाममा चेतावनी जारी गर्ने बाहेक थप ठोस काम गर्न सकेका छैनन् भन्ने आलोचना बारम्बार उठ्ने गरेको छ। स्थानीय तहदेखि केन्द्रसम्म विपद् व्यवस्थापनका संयन्त्रहरू कागजमा मात्र सीमित हुने अवस्था बदल्न जरुरी छ। सुरक्षित आवास निर्माण, कमजोर संरचनाको पहिचान, आकस्मिक उद्धार प्रणालीको सुदृढीकरण र समुदायस्तरमा नियमित सचेतना कार्यक्रम सञ्चालन अब विकल्प होइन, आवश्यकता बनिसकेको छ।

यससँगै नागरिकको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण छ। मौसम पूर्वानुमानलाई सामान्य सूचना नभई जीवनरक्षासँग जोडिएको चेतावनीका रूपमा लिनुपर्ने समय आएको छ। सामाजिक सञ्जालमा अफवाह फैलाउनुको सट्टा आधिकारिक सूचना अनुसरण गर्ने बानी बसाल्नुपर्छ।

प्राकृतिक विपद् रोक्न सकिँदैन, तर त्यसबाट हुने क्षति अवश्य घटाउन सकिन्छ। त्यसका लागि राज्यको तयारी र नागरिकको सतर्कता दुवै समान रूपमा आवश्यक छन्। हावाहुरीको यो चेतावनीलाई केवल एकदिनको समाचार नभई दीर्घकालीन तयारीको संकेतका रूपमा बुझ्न सके मात्र हामी सुरक्षित भविष्यतर्फ अघि बढ्न सक्छौँ।

# यहाँ मुटु जलिरहेछ !



नारायणप्रसाद सापकोटा

आजभोलि दैनिकी अचम्मको भएको छ। आफ्नो घर छोडेर एक रात कतै नगएको महिनौं हुन लागेछ। कामकाजको सिलसिलामा दिउँसो जहाँ पुगे पनि बेलुका घर फर्किएको छु। परिवारसँगै छु। समय छैन भनौं भने छ, छ भनौं भने लिभिङ रूममा भएको टेलिभिजन नखुलेको धेरै भइसकेको थियो। समाचारका बुलेटिनहरू नहेरेको त केही महिना नै भइसकेको थियो। टिभी, टेलिफोन, चेकबुक, किताब, कापी, टर्चलाइट, म्युजिक प्लेयर–जे भने पनि उही मोबाइल फोन त छ!

जीवनशैलीको पनि कुरा होला। सहरको एउटा सानो घरको बसाइँ छ। खेतीपाती छैन, मेला-पर्म गर्नै पर्दैन। न असार छ, न मंसिर छ। दस वटा पनि भोटा नफटालेका साना छोराछोरीलाई विद्यार्थी भन्नुपर्‍यो। कि त गृहकार्य, कि त खेल्नमै व्यस्त हुन्छन्। बाउ-आमाको नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाउको अनुहार भनेजस्तो जागिरपेशा भइहाल्यो। बुढी आमालाई टिभीको रङ र मेसो दुवै छैन।

देश-विदेशमा कुनै ठूला घटना भए भने वा 'डोमेस्टिक वाल्स' हरू भत्काएर आममानिसलाई जोड्ने खेलकुद, सङ्गीत, साहित्य र कलाका ठूला कार्यक्रम भए भने मात्रै कहिलेकाहीँ खुल्छ त्यो टेलिभिजन। त्यसमा पनि छोराछोरीले गृहकार्य सके कि सकेनन्, भोलि कुनै विषयको परियोजना कार्य वा 'टेस्ट' छ कि छैन, आमालाई हिजो बेलुका निन्द्रा पर्‍यो कि परेन, श्रीमतीले भोलिको के-कस्तो तयारी गर्नुछ, आफूले पनि भोलि बिहान सबेरै के गर्नुपर्ने छ आदि कुराको ख्याल गरेर मात्रै खोल्नुपर्ने हुन्छ। टिभी खुल्नु त एउटा 'सेलिब्रेसन' जस्तै भएको छ–सबैकुरा अनुकूल भयो भने आत्मसन्तुष्टिका लागि बजाउने एउटा भाँडो!

पछिल्लो समय जेनजी आन्दोलन, टी-ट्वान्टी वर्ल्डकप र निर्वाचनका समयमा गरी तीन वटा अवसरमा टेलिभिजन खोलेर हेरिएछ। नत्र फेरि उही मोबाइल। टिभीले आकर्षण नै गर्दैन।

गरोस् पनि कसरी? टिभीमा आउने सबै कुरा त भइहाल्यो, त्यसमाथि अझ धेरै कुरा आउँछन् स्मार्ट मोबाइल फोनमा। एक/डेढ फिटको दूरीमा आफ्नै हातमा राखेर छिटोछरितो नियन्त्रणसहित जे चाह्यो त्यही हेर्न पाइन्छ। हुन त बानी परेर पनि होला। धेरै महत्त्वपूर्ण कुरा आयो भने टिभी स्क्रिनमा भन्दा मोबाइल स्क्रिनमा हेर्दा-सुन्दा मनलाई शान्ति मिल्छ।

मैले मोबाइल हेर्न थालेँ भने घरीघरी छोराछोरी पनि दायाँ-बायाँ लुसुक्क टाँसिन आइपुग्छन्। स्क्रिनभरि अंग्रेजी वा नेपाली टेक्स्ट मात्रै रहेछ भने उसैगरी लुसुक्क टाढिन्छन्। श्रव्य-दृश्य सामग्री रहेछ भने जे भए पनि हेरिरहन्छन्। घरीघरी त आफ्नै हात लम्काएर मोबाइल फोनलाई नै नियन्त्रणमा लिन थाल्छन्। स्क्रिनमा देखिएका सामग्रीबारे सवाल-जबाफ पनि गर्छन्–घरी उनीहरू आफै, घरी मसँग। यसरी मोबाइल फोनको सानो स्क्रिनमा तीनजनाले सँगै हेर्दा शारीरिक रूपमा त नजिक हुने भइहालियो, संवेगात्मक र भावनात्मक रूपमा पनि थप नजिक बनाउँदो रहेछ–आँखाको चाल, सासको गति र मुटुको धड्कनसँग एकाकार भएर।

छोरा भन्दा छोरी सानी छन्, त्यसैले प्रश्न पनि धेरै गर्छिन्। भदौ २४ गते बेलुका मेरो छातीमै टाँसिएर टेलिभिजन हेर्दाहेर्दै एउटा प्रश्न गरिन्–'के जलेको हो र, बाबा?' मैले सजिलै उत्तर दिएँ–'सिंहदरबार।' खासमा उनले सिंहदरबार चिनेकी छैनन्, तर केही ठूलो र महत्त्वपूर्ण चिज हो भन्ने कुरा उनको मस्तिष्कमा रहेछ क्यारे। हुन सक्छ अरू कुनै प्रसङ्गमा सुनेकी होलिन्, किताबका पानामा देखेकी होलिन्, बालकथामा 'दरबार' को वैभवता सुनेकी होलिन्। त्यसैले मेरो जवाफपछि डर मिश्रित आश्चर्यका साथ प्रतिप्रश्न गरिन्–'सिंहदरबार?' 'अँ,' मैले छोटकरीमा भनेँ। छोरीले दन्त्यकथा वा बालकथामा सुनेजस्तै एउटा भव्य दरबार–देशको मुटु सिंहदरबार–डरलाग्दो गरी दनदनी जलिरहेको थियो। त्यस बेला मलाई सिंहदरबारबारे थप केही भन्ने जाँगर र तागत केही पनि भएन।

छोरीका प्रश्नहरू रोकिएनन्। अर्को प्रश्न गरिन्–'कसले जलाएको र?' मैले अघिको जस्तै सजिलै उत्तर दिन सकिनँ।

छोरीलाई अलि जोडले आफ्नो छातीमा च्यापेँ, कपाल सुम्सुम्याएँ, टाउकोमा एकपटक चुम्बन गरेँ के भनौं जस्तो भयो। छोरीको जिज्ञासा मेटियोस् र सिकाइ पनि होस् भनेर छोटो जवाफ दिएँ–'बदमासहरूले होला नि, छोरी।'

छोरीले टिभी स्क्रिनमा एकटक हेर्दै गर्दा मेरो छातीमा टाँसिएको उनको अनुहारतिर एक नजर लगाएँ। मैले स्पष्ट बुझ्न सक्थेँ मेरो उत्तरले उनको चित्त बुझेको थिएन।

एकछिनपछि फेरि अर्को प्रश्न गरिन्–'किन जलाएका र, बाबा?' अब त मसँग उनलाई टार्ने उत्तर पनि थिएन। म अवाक भएँ। टेलिभिजन स्क्रिनमा सिंहदरबार जलिरहेको थियो, यता छोरी टाँसिएको छातीभित्रको मुटु जलिरहेको थियो।

आगो निभ्यो कि निभाइयो, कुन्नि। सिंहदरबार त भोलिपल्टैदेखि जल्न छोड्यो। अहिले पुनर्निर्माण चलिरहेको छ रे। फेरि उस्तै बन्ला, उस्तै देखिएला। तर छातीभित्रको मुटु भने जलिनैरह्यो–त्यसबेला छोरीका प्रश्नले, त्यसपछि मानिसका फगत शब्दहरूले।

भदौ २३/२४ पछि फागुन २१ सम्म आइपुगियो। यस अवधिका विकासक्रमबारे सबै नेपाली जानकार छन्। जब फागुन २१ को निर्वाचन नजिकिँदै गयो, तब एउटा बहस जबर्जस्त स्थापित हुँदै गयो–'देश बनाउने' र 'देश जलाउने' बीचको प्रतिस्पर्धा हो यो निर्वाचन भनेर।

उही, कहिलेकाहीँ खुल्ने टेलिभिजनका बुलेटिन र बहसहरूमा, अखबारका हेडलाइनहरूमा, पडकास्टहरूमा, आमसभा र प्रशिक्षण कार्यक्रमहरूमा, अनलाइन टिभी र युट्युबका श्रव्य-दृश्यहरूमा, सामाजिक सञ्जालका पोस्टहरूमा, सुपरमार्केट र चिया पसलहरूमा सबैतिर बारम्बार सुनियो, जोडदार रूपमा सुनियो–'देश बनाउने' र 'देश जलाउने' बारेको बहस। यी सबै फोरमहरूमा प्रत्यक्ष पहुँच न मेरो थियो, न सानी छोरीको। तर ती सबै कुरा सपाट रूपमा छर्लङ्ग देखाउँथ्यो त्यही मोबाइल फोनले। घरमा भएका मोबाइल फोनहरू यस्सो खोल्दा सुन्न र पढ्न परिहाल्ने–उही 'देश बनाउने' र 'देश जलाउने' बीचको कित्ताकाट। एक दिन अलि महत्त्वपूर्ण लागेर एउटा भिडियो सामग्री हेर्दै थिएँ मोबाइल फोनमा। एकजना ठूला नेताको सम्बोधन रहेछ। दमदार रूपमा उठाइएको थियो 'देश जलाउने' लाई सिध्याउनु पर्ने र 'देश बनाउने' लाई जिताउनु पर्ने युगीन आवश्यकताको विषय।

छोराछोरी लुसुक्क आइहाले–दायाँ र बायाँ। छोरी दायाँपट्टि टाँसिइन्, छोरा बायाँपट्टि। मसँगै एकोहोरिएर हेरिरहे। प्रश्न गर्न छोरी नै अगाडि थिइन्।

आज फेरि अर्को प्रश्न गरिन् 'कहाँ जलेको हो र हाम्रो देश, बाबा?' छोरी आफु प्रश्न गर्छिन्, मुटु मेरो जलाउँछिन्। कहाँ जलेको भन्दिउँ, काठमाडौँमा कि पोखरामा? विराटनगरमा कि वीरगञ्जमा? सिंहदरबारमा कि संसद् भवनमा? सर्वोच्च अदालतमा कि वाणिज्य बैंकमा? नख्खु जेलमा कि भाटभटेनी सुपरमार्केटमा? मिडिया हाउसमा कि फलानाका घरमा?

'कहाँ जलेको हो र हाम्रो देश?' भनेर सोध्नुको अर्थ उनी 'देश जल्नु' भनेको के हो भनेर बुझ्न चाहन्थिन्। बुझून् पनि कसरी? भदौ २३/२४ पछि २/४ दिन स्कुल छुट्टी भयो। उनी घरमै बसिन्। जलेका ठाउँहरू हेर्न गइनन्। घरअगाडि खेल्न आउने साथीहरू उस्तै थिए, धर्ती उस्तै थियो, आकाश उस्तै थियो। सडकमा सवारी उसैगरी चलिरहेका थिए। बटुवाहरू उसैगरी हिँडिरहेका थिए। गमलामा फूलहरू उसैगरी फुलिरहेका थिए। कुकुरहरू उसैगरी भुकिरहेका थिए। उनको सम्पूर्ण परिवेश उस्तै थियो।

छोरीको प्रश्नको आशयले मलाई पनि कता-कता घोचिरह्यो। तत्कालका लागि केही उत्तर दिन सकिनँ। मात्र 'हँ...' भनेर ठूलो नेताको सम्बोधन सुन्दै गर्दा डिस्टर्ब नगर्न संकेत मात्र गरेँ। उनले पनि प्रश्न दोहोर्‍याइनन्। एकछिनपछि सम्बोधन सकियो। छोराछोरी पनि उठेर खुर्र दौडाहाले।

छोराछोरी त खेल्न गए होलान्, तर छोरीको प्रश्नले मलाई निकै अधैर्य बनायो। खुल्दुली उनलाई भन्दा अब मलाई बढी भएको थियो, 'साँचै देश जल्नु भनेको के हो?' यो जान्नका लागि फेरि अर्को एउटा अहम् प्रश्न उब्जियो–खासमा 'देश' भनेको नै के हो? बुढापाकाले भन्ने गरेको मानिसको खाट्टी आयु बिताइसकेँ। आफूले सकेसम्मको उच्च शिक्षा हासिल गरेँ। तर आजसम्म 'देश' शब्दको अर्थ किताबमा पढेको सम्झना भएन। शब्दकोशमा त हेरेको नै रहेनछु।

सम्बोधन सकियो। छोराछोरी गए। अब के गर्ने त? मोबाइलमा भएको 'प्रज्ञा नेपाली वृहत् शब्दकोश' को एप खोलेर जिन्दगीमा पहिलोपटक

बाँकी पृष्ठ ४मा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

समाचार दैनिक जनकपुर

# नक्कली कपालमा क्यान्सर जोखिम

एस्टर कहुम्बी



विश्वका दशौँ लाख महिलाले लगाउने नक्कली कपाल (हेअर एक्स्टेन्शन)मा स्तन क्यान्सर गराउन सक्ने, होर्मोनसम्बन्धी समस्या ल्याउन सक्ने वा प्रजनन समस्या पनि निम्तिन सक्ने एउटा 'ठूलो आकारको' अध्ययनले देखाएको छ।

विभिन्न प्रकारका त्यस्ता कपालमा झन्डै ५० किसिमका हानिकारक रसायन पाइएका वैज्ञानिकहरूले बताएका छन्।

'द अमेरिकन केमिकल सोसाइटी जर्नल'मा छापिएको उक्त अध्ययनले अर्बौँको नक्कली कपाल उद्योग नियमन गर्न कडा नियम आवश्यक रहेको र उपभोक्ताले थाहा पाउनुपर्ने धेरै कुरा रहेको जनाएको छ।

अध्ययनकी मुख्य लेखक एलिसिआ फ्र्याङ्क्लिन भन्छिन्, "नक्कली कपाल एकपटक लगाएपछि केही हप्ता वा त्योभन्दा लामो समयसम्म लगाइने र लगाइएका बेला छालासँगै जोडिएर रहने हुँदा दीर्घकालीन स्वास्थ्य खतरा हुन सक्छ।"

फ्र्याङ्क्लिन भन्छिन्, "कपाल तपाईंको टाउकोको छालामाथि बस्छ अनि यसलाई हप्तौँ वा महिनौँसम्म लगाइन्छ। यसलाई लामो समय लगाउने हो भने त्यसले दीर्घकालीन स्वास्थ्य समस्या ल्याउन सक्छ।"

### *हानिकारक रसायन*

सन् २०२८ सम्ममा विश्वव्यापी नक्कली कपाल बजारको मूल्य १४ अर्ब डलरभन्दा बढीको हुने अनुमान गरिएको छ।



कैयौँ महिलाहरूले सुन्दर देखिन वा 'फ्याशन' गर्न नक्कली कपाल लगाउँछन्। तीमध्ये ठूलो सङ्ख्यामा अश्वेत महिलाहरू पनि छन्, उनीहरू कपाल व्यवस्थापन गर्न सजिलो उपायको रूपमा नक्कली कपाल लगाउँछन्।

नक्कली कपाल सस्तोदेखि महँगो मूल्यसम्म पाइन्छ। यो बीस डलरदेखि हजारौँ डलरसम्म पनि पर्ने गर्छ।

वैज्ञानिकहरूले परीक्षण गरेका ४३ नमुनामा १७० किसिमका रसायन पाइएका थिए। तीमध्ये ४८ रसायन चाहिँ अन्तर्राष्ट्रिय जोखिम सूचीमा रहेका तथा राष्ट्रसङ्घ एवं युरोपिअन केमिकल्स एजेन्सीले खतरा सूचीमा राखेका पनि छन्।

फ्र्याङ्क्लिन भन्छिन्, "त्यसमा आगो निभाउनेदेखि कीट नियन्त्रकसम्म तथा प्रजनन शक्तिमा असर पार्ने तथा इन्डोक्राइन प्रणालीलाई असर पार्ने थ्यालेट नामक यौगिकहरू हुन्छन्।"

स्तन क्यान्सरसँग जोडेर हेरिने १७ थरी रसायनहरू ३६ वटा नक्कली कपालका नमुना (कृत्रिम र प्राकृतिक दुवै)मा पाइएका थिए। साथै १० प्रतिशत जति नमुनामा आगो नलाग्ने प्लास्टिक बनाउन प्रयोग गरिने हानिकारक तत्त्व थिए।

दैनिक उपभोग गर्ने उत्पादनमा नपाइने अर्ग्यानोटिन यौगिकहरू पनि फेला पर्दा आफूहरू आश्चर्यचकित भएको वैज्ञानिकहरूले बताए। त्यस्ता यौगिक मानिसमा होर्मोन असन्तुलन तथा प्रजनन तथा विकास क्रममा नकारात्मक असर पार्ने भनेर चिनिन्छन्।

तीमध्ये कति त प्लाइउड बनाउन प्रयोग गरिने रासायनिक पदार्थ हुन्। यिनलाई मानिसको शरीरमा जैविक परिवर्तनको कारक र स्तन क्यान्सर बनाउने तत्त्वका रूपमा पनि हेरिन्छ।

### *के मानव रौँ सुरक्षित छ*

नक्कली कपालमा केन्द्रित अघिल्ला अध्ययनमा त्यस्ता कपालमा हानिकारक धातु पाइएको थियो। यसपालिको अध्ययनमा मानव रौँकै ११ वटा नमुना पनि समेटिएका थिए।

मानव रौँहरू महँगा थिए। तिनलाई कुनै रासायनिक प्रक्रियामार्फत् प्रशोधन नगरिएको भनेर विज्ञापन गरिएको थियो।

ती एक दाताबाट मात्र लिइएका थिए।

तर कैयौँ त्यस्ता मान्छेकै रौँबाट बनेका कपालका नमुनाहरूमा कृत्रिम कपालमाभन्दा बढी इन्डोक्राइन प्रणालीमा असर गर्ने किसिमका लगायतका हानिकारक रसायन भेटिए।

फ्र्याङ्क्लिन भन्छिन्, "उत्पादनहरूमा मानव रौँ भनेर लेबल टाँसेको छ भन्दैमा ती कारखानामा उत्पादित कपालभन्दा सुरक्षित हुँदा रहेनछन् भन्ने देखियो।"

फ्रयाङ्क्लिन यूएस साइलन्ट स्प्रिङ इन्स्टिट्यूटसँग सम्बद्ध वैज्ञानिक हुन्। यसले स्तन क्यान्सरका वातावरणीय कारणहरूमाथि अध्ययन गर्ने गर्छ। मानव रौँमा पनि अनेकौँ खतरनाक रासायनिक पदार्थ भेटिए। अनुसन्धानकर्ताका अनुसार मानव रौँमा त्यस्ता रसायन तिनको उत्पादनका बेला वा व्यवस्थापनका बेला परेका हुन सक्छन्। अध्ययनले हानिकारक रसायनको तह जाँचेको थिएन। तर होर्मोनलाई प्रभाव पार्ने तत्त्वहरू सानो मात्रामा भए पनि त्यसले असर गर्ने फ्र्याङ्क्लिन बताउँछिन्।

नक्कली कपाल लगाउँदा कपाललाई तताइन्छ वा उम्लिरहेको पानीमा डुबाइन्छ - यसो गर्दा विषालु धुवाँ निस्कन सक्छ। सास फेर्दा ती रसायन मानिसको शरीरभित्र पुग्छन्।

तिनीहरू छालाको सम्पर्कबाट पनि पुग्छन्। यसो गर्दा नयाँ कपाल लगाउने मात्र नभएर लगाइदिनेलाई पनि समस्या पर्न सक्ने अनुसन्धानकर्ताले बताएका छन्।

कतिपय यस्ता कपाल लगाउनेहरूमा चिलाउने डाबर आउने अनि टाउकोको सतह, गर्धन र अनुहारमा सुन्निने र कसैकसैलाई श्वासप्रश्वासमा समस्या आउन सक्छ।

### *नक्कली कपाल सुरक्षित रूपमा कसरी लगाउन सकिन्छ?*

रासायनिक प्रक्रिया पार गरेको कपाल कसरी सुरक्षित रूपमा लगाउन सकिन्छ भन्नेबारे खासै प्रमाणित उपायहरू छैनन्। लगाउनुअघि भिनिगरले नुहाउने क्रियाले पनि खासै समाधान नदिएको अनुसन्धानकर्ताहरू बताउँछन्।

अध्ययन गरिएका ४३मध्ये दुई नमुनामा मात्र कुनै हानिकारक रासायनिक पदार्थ नरहेको वैज्ञानिकहरूले पाएका थिए। तर यस्ता दाबीले पनि झुटो आश्वासन दिने हो कि भन्ने फ्र्याङ्क्लिन भन्छिन्।

"यस्ता उत्पादन र तिनको प्रयोगबारे नियमनको प्रभावकारी व्यवस्था छैन, जसले गर्दा दोषीले दण्ड पाउने अवस्था पनि रहेन।"

यूकेमा यसबारे सन् २०२६ को अगस्टसम्ममा कानुन बनाउने योजना छ।

कपालमा लगाइने रङ र कपाल सीधा बनाउन प्रयोग गरिने रासायनिक पदार्थ पनि स्तन क्यान्सरको खतरा बढाउने खालका भनेर यसअघिका अध्ययनले देखाएका छन्। नक्कली कपालभन्दा फरक यस्ता रासायनिक पदार्थबारेका नियम विद्यमान रहेकाले सुरक्षा जाँच गर्ने गरिन्छ।

केही उत्पादकहरूले किन्नुअघि गुणस्तरबारे विश्वस्त हुन भनेका हुन्छन् । "तर यदि ती बजारमा हुँदैनथे भने हामीले छान्नु पनि पर्दैनथ्यो," फ्र्याङ्क्लिन भन्छिन् 'त्यसैले जसले नक्कली कपाल लगाउने गरेका छन्, उनीहरूले यो अध्ययनले पाएको नतिजामा चासो राख्नुपर्ने देखिन्छ ।' *साभार: बीबीसी/नेपाली*

## यहाँ मुटु........

'देश' शब्दको अर्थ खोजेँ। लेखिएको थियो–'१) कुनै प्रणालीको शासनअन्तर्गतको निश्चित भूभाग, राष्ट्र २) चारैतिर फैलिई अनेकौँ गाउँ, सहर, जिल्ला, अञ्चल वा प्रदेश मिलेर बनेको एक विशिष्ट भूभाग, मुलुक।'

मन अझै शान्त भएन। चार कक्षादेखि अंग्रेजी पढ्न थालेको हुँ। झन्डै १६ वर्ष अंग्रेजी विषय पढिएछ। अंग्रेजी विषय नै पढाउन थालेको पनि १८ वर्ष पुग्न लागेछ। 'देश' भनेको अंग्रेजीमा 'कन्ट्री' हो भनेर कहिले जानियो, त्यसको पनि सम्झना छैन। तुरुन्तै मेरियम-वेबस्टर डिक्सनरी हेर्न मन लाग्यो। त्यसमा लेखिएको थियो– १) दि ल्यान्ड अफ अ पर्सनस् बर्थ, रेसिडेन्स, ओर सिटिजनसीप, २) अ पोलिटिकल स्टेट ओर नेसन ओर इटस टेरिटोरी ।

म जान्दछु र बुझ्दछु पनि देशको अर्थ शब्दकोशमा लेखिएको भन्दा धेरै व्यापक, बहुआयामिक र गहिरो छ। शब्दकोश त आमालाई 'आफूलाई जन्मदिने स्त्री' को रूपमा अर्थ्याएर उम्किन्छ। हाम्री 'आमा' त्यति मात्रै हुन् त?

शब्दकोशको सोझो अर्थअनुसार पनि 'देश' भनेको कुनै निश्चित भूभागमा बनेका संरचनाहरू मात्र त होइनन् नि। आमा जस्तै व्यापक र गहन छ देशको अर्थ। सार्वभौम राजनीतिक अस्तित्व मुख्य हो। यससँगै जोडिएका सामाजिक र भावनात्मक सम्बन्धहरू पनि आमाका आयामहरूजस्तै महत्त्वपूर्ण हुन्छन्।

देशका महत्त्वपूर्ण संरचनाहरू जलेका पक्कै हुन्। त्यसभन्दा अझ महत्त्वपूर्ण कुरा ती अमूल्य जीवनहरूले सहादत प्राप्त गरेका हुन्। साहित्यमा 'देशै जल्यो' भनेर पनि भन्न मिल्ला। तर सामाजिक सञ्जाल, आमसञ्चार र सार्वजनिक सम्बोधनमा राजनीतिज्ञ, बुद्धिजीवी र सर्वसाधारणहरूले बारम्बार 'देश जल्ने' र 'देश जलाउने' प्रसङ्ग जोडतोडका साथ उठाइरहँदा मेरी छोरीजस्ता अबोध विद्यार्थीहरूलाई देशको अर्थ कसरी बुझाउने?

शाब्दिक अर्थको मात्र कुरा होइन यो। 'देश जल्यो, देश जल्यो' भनेर बारम्बार सुन्दा एउटा जिम्मेवार नागरिकको मुटु जल्दैन? ती संरचनाहरू किन जले? ती छोराछोरीहरू किन सहिद बने? अब कहिल्यै त्यसरी फेरि नजल्न र कोही सहिद नबन्न कसले के गर्नुपर्ने हो? सोच्ने कसले हो? यसको रोडम्याप कसले बनाउने हो? आशा, भरोसा र सान्त्वना दिने कसले हो? यसका लागि राजनीति बाहेक अरू त्यस्तो कुनै संरचना छ यो संसारमा?

आशा, भरोसा, सान्त्वना र भोलिको रोडम्यापबारे एउटा साझा 'बटम लाइन' बिना देश निर्वाचनमा होमियो। तर यसबीचमा पसिना बगाएर गुजारा गरिरहेका श्रमिक र पेशाकर्मी, उद्यमशीलता गरिरहेका उद्योगी-व्यवसायीहरूमा कस्तो मनोवृत्ति पैदा भयो होला? विद्यार्थीहरू के आशाले पढ्दै होलान्? शिक्षकहरूले के उदाहरण दिएर पढाउँदै होलान्? समाजले कसलाई आदर्श मान्ने होला? जनताले कसलाई नेता मान्ने होला? यी प्रश्नहरूको उत्तर कसले खोज्ने हो?

प्रश्नका उत्तरहरू नपाइकन फागुन २१ आयो। जलेको देश कसरी चलेको हो फेरि? चलेछ। जलेको देशमा शान्तिपूर्ण निर्वाचन भयो। देश जलेको हो कि आक्रोश पोखिएको हो भन्ने छुट्याउन नसक्ने दलहरू पनि उत्साहका साथ निर्वाचनमा होमिए। नतिजा सबैलाई थाहा छ। तर फागुन २१ अघि यो देशका कसैलाई पनि जनताले यस्तो मत जाहेर गर्छन् भन्ने थाहा थिएन।

राजनीतिको सोपानमा झन् तल भुइँ तहका मतदातालाई केही आकलन थियो होला, तर जति माथि गयो, त्यति भ्रमित धरातलमा रहेको हुनाले वर्षौंदेखि मूलधारका पार्टी हाँकिरहेका उच्च तहका नेतालाई त अत्तोपत्तो थिएन। यसको एउटै कारण थियो–जनताको मन बुझ्नै नखोज्नु वा बुझ्न नसक्नु, अथवा जनताका मुटुहरू बारम्बार जलाइरहनु।

अहिलेलाई कम्तीमा हार-जित स्वीकारिएको छ। जनताको अभिमत स्वीकारिएको छ। निर्वाचनको नतिजाभन्दा ठूलो कुरा देशको संविधानले एउटा चौतर्फी आलोचनाबाट मुक्ति पाएको छ। हावाहुरी भन्नुस् या एल्गोरिदम–यही संविधानबाट कुनै दलले बहुमत प्राप्त गर्न सक्छ, दुईतिहाइ मत ल्याउन सक्छ भन्ने अभूतपूर्व उदाहरण स्थापित भएको छ। गलत रूपमा बुझिएको संविधानको यथार्थ फरक भएजस्तै अझै पनि दलहरूको चुनौती भनेको जनताको मन बुझ्नु हो। शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय, सुशासन आदि क्षेत्रका आवश्यकताबारे दलहरू र कर्मचारीतन्त्रको ठूलो हिस्सा संविधानबारे जस्तै ठूलो भ्रममा छ। यी तमाम क्षेत्रका आवश्यकता र प्राथमिकताबारे भोग्ने जनतालाई राम्रोसँग थाहा छ।

तर भोग्ने कुरा मात्र ठूलो होइन रहेछ, भाष्यहरूको निर्माण बढी घातक हुँदो रहेछ। भोगाइको त सबैलाई जीवन्त अनुभव नै हुन्छ। कोही कसैले सिर्जना गरेको भाष्यको जरुरत नै पर्दैन। तर जब यथार्थविनाका गलत भाष्यहरू सिर्जना गरिन्छन्, त्यो भाष्यकारहरूकै लागि अत्यन्त प्रतिउत्पादक बन्न जान्छ।

होला, 'देश जलाउनेहरू' परिचालित थिए होलान्, स्वार्थप्रेरित थिए होलान्, आपराधिक मनोवृत्तिका थिए होलान्, आन्दोलन नै हरण भयो होला। तर यो सबै गर्न मैदानमा निस्कनेहरू यो देशका नागरिक थिए कि थिएनन्? भदौ २३ र २४ मा सडकमा निस्कनेहरू, बोल्नेहरू, नाराबाजी गर्नेहरू, सहादत प्राप्त गर्नेहरू र 'देश जलाउनेहरू' यो देशका नागरिक थिए कि थिएनन्? तसर्थ, लामो राजनीतिक र प्रशासनिक कुसंस्कारविरूद्ध नवयुवाहरूको ठूलो आन्दोलन भयो। ऐतिहासिक रूपमा भन्दा तेस्रो जनआन्दोलन भयो। जनताले ठूलो आक्रोश पोखे, देशका अत्यन्त महत्त्वपूर्ण संरचनाहरू जले, कैयौँ नेपाली नौजवानहरूले सहादत प्राप्त गरे– यो भोगाइ हो। 'देश जल्यो' मात्रै भन्नु र 'देश जलाउने अपराधीहरू' मात्रै भनेर फलाक्नु गलत भाष्य हो। गलत भाष्यले मुटु जलाउँदो रहेछ। जब आफ्नै शरीरभित्रको मुटु जल्छ, त्यो देश जल्नु वा देशको मुटु जल्नु भन्दा निकै पीडादायक हुँदो रहेछ।

ताजा र अभूतपूर्व मतादेशबाट 'जलेको देशमा' बलियो सरकार बन्दैछ। नयाँ सरकारले जनताको कोमल मुटु नजलाओस्। सतत् शुभकामना।

## यसकारण......

गरिन् ।

मञ्चका अध्यक्ष भोला पासमानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा 'नेपालमा राजनीतिको लागत' विषयक दुई डिजिटल प्रस्तुति गरिएको थियो । तिलक पाठक र दिनेश वाग्लेले प्रस्तुत गरेको अध्ययनमा निर्वाचनबाहेकको समयमा पनि पार्टी कार्यकर्ता व्यवस्थापन, बैठक प्रायोजन र सदस्यता विस्तारका लागि ठूलो रकम आवश्यक पर्ने देखाइएको छ ।

प्रस्तुतिअनुसार निर्वाचनका बेला उम्मेदवारहरूले नेता तथा कार्यकर्तामा खर्च गर्न सक्ने क्षमताका आधारमा टिकट पाउने र मतदाताको काम सहज रूपमा गरिदिने व्यक्तिलाई जित्ने सम्भावना बढी हुने उल्लेख गरिएको छ ।

पार्टीका सभासम्मेलन, कार्यकर्ता व्यवस्थापन र संगठन विस्तारमा हुने उच्च खर्चका कारण समग्र निर्वाचन प्रक्रिया दिनप्रतिदिन महँगिँदै गएको निष्कर्ष कार्यक्रममा प्रस्तुत गरिएको थियो। कार्यक्रममा विभिन्न दलका नेता, कार्यकर्ता तथा सरोकारवालाहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# मर्मतका लागि बर्दीबासमा तीन दिन विद्युत अवरुद्ध

दैनिक समाचारदाता
जनकपुरधाम, ७ चैत । प्रसारण तथा वितरण लाइनको मर्मत तथा स्तरोन्नति कार्यका कारण बर्दीबास क्षेत्रमा शुक्रबारदेखि तीन दिन विद्युत आपूर्ति अवरुद्ध गरिएको छ।

नेपाल विद्युत प्राधिकरणको गौशाला शाखाका अनुसार किसाननगर फिडरअन्तर्गत पर्ने पूर्व-पश्चिम राजमार्गको उत्तरतर्फका चारवटा वडामा बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म दैनिक नौ घण्टा विद्युत सेवा बन्द गरिएको हो।

शाखा प्रमुख उमेश यादवका अनुसार १३२ केभी प्रसारण लाइनको कन्डक्टर स्तरोन्नति आयोजनाअन्तर्गत



टावर नं. ३८५ देखि ३९१ सम्म मर्मत कार्य भइरहेको छ। पुरानो तार हटाएर नयाँ तार जडान गर्ने क्रममा टावर आसपासका ११ केभी, ३३ केभी र ६६ केभी लाइनमार्फत वितरण हुने फिडरहरूमा अस्थायी रूपमा विद्युत आपूर्ति बन्द गर्नुपरेको उनले जानकारी दिए।

बर्दीबास उपशाखा प्रमुख घनश्याम साहका अनुसार मर्मत कार्यका कारण किसाननगर फिडरबाट आपूर्ति हुने बर्दीबासका वडा नं. १, ३, ४ र ५ मा विद्युत सेवा प्रभावित भएको छ। खाना पकाउने ग्यासको अभाव भइरहेको अवस्थामा विद्युत अवरुद्ध हुँदा एक हजारभन्दा बढी उपभोक्ताको दैनिकी प्रभावित भएको छ।

विद्युत सेवा ठप्प हुँदा भान्सादेखि बैंक तथा सरकारी सेवा, इन्टरनेट (वाइफाइ), कुटानी-पिसानी मिल र समाचार सम्प्रेषणजस्ता अत्यावश्यक सेवामा समेत असर परेको छ।

प्राधिकरणका अनुसार मर्मत कार्य तीव्र गतिमा भइरहेकाले निर्धारित समयअघि नै काम सम्पन्न भए विद्युत सेवा यथाशीघ्र सुचारु गर्ने प्रयास भइरहेको छ।

## रुपनीमा सदा दम्पति एकै दिन निधन



दैनिक समाचारदाता
सप्तरी, ७ चैत । सप्तरीको रुपनी गाउँपालिकामा एकै दिन एक सदा दम्पतिको निधन भएको छ। गाउँपालिका-४, छपकी टोल बस्ने ७० वर्षीय फुलेश्वर सदा र उहाँकी ६५ वर्षीय पत्नी दुर्गीवती सदाको शनिबार एकै दिन निधन भएको हो।

गत राति २ बजे फुलेश्वरको र शनिबार बिहान ६ बजे दुर्गीवतीको निधन भएको हो। करिब ४ घण्टाको अन्तरालमा दम्पतीले जीवनको अन्तिम यात्रा तय गरेको रुपनी गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष छेदी इसरले जानकारी दिनुभयो। मुसहर समुदायकी दुर्गीवती केही दिनअघि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानबाट हर्नियाँको अपरेसन गरी घर ल्याइएको थियो। स्वास्थ्य अवस्था कमजोर रहेकाले फुलेश्वरले उहाँलाई नियमित निगरानी गर्दै आउनुभएको वडाध्यक्ष इसरले बताउनुभयो। दम्पतीको निधन भएपछि टोलवासी स्तब्ध बनेको छ। वडाध्यक्ष इसरले मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ।

## लेनदेन मुद्दाका फरार अभियुक्त पक्राउ

दैनिक समाचारदाता
सप्तरी, ७ चैत । सप्तरी प्रहरीले लेनदेन मुद्दाका फरार एक अभियुक्तलाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कल्याणपुरको प्रहरी टोलीले लेनदेनसम्बन्धी मुद्दामा सप्तरी जिल्ला अदालतबाट नौ महिना कैद सजाय तोकिएपछि फरार रहदै आएकी जिल्लाकै रुपनी गाउँपालिका-६, तेरहौता निवासी दुखनीकुमारी साहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । शुक्रबार पक्राउ पर्नुभएकी साहलाई आवश्यक कारबाहीका लागि सोही दिन सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले बताउनुभयो ।

## जातीय छुवाछुतलाई अन्त्य गर्न दलित अधिकारकर्मीको माग

दैनिक समाचारदाता
काठमाडौं, ७ चैत । दलित अधिकारकर्मी तथा अगुवाहरूले दलित समुदायमाथि हुने जातीय भेदभाव तथा छुवाछुतलाई पूर्ण रुपमा अन्त्य गर्नुपर्ने जनाएका छन् ।

अन्तर्राष्ट्रिय जातिय विभेद उन्मूलन दिवसका अवसरमा शनिबार काठमाडौंको माइतिघरमा संयुक्त राजनीतिक दलित संघर्ष समितिले आयोजना गरेको ध्यानाकर्षण सभामा उनीहरूले अझै पनि जातीय भेदभाव कायमै रहेकाले पूर्ण रुपमा भेदभाव तथा छुवाछुतलाई पूर्ण रुपमा अन्त्य गर्नुपर्ने जनाएका हुन् ।

उनीहरूले समान हक र समान अवसरसहितको समाजवादको आधार निर्माणका लागि संविधान सशोधन हुनुपर्ने माग राखेका छन् ।



ध्यानाकर्षणसभामा नवनिर्वाचित प्रतिनिधिसभा सदस्य खगेन्द्र सुनारले देश परिवर्तनको बाटोमा अघि बढेका बेला पछाडी परेका समुदायलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

उनले जातीय भेदभाव तथा छुवाछुतलाई पूर्ण रुपमा अन्त्य गर्न आगामी दिनमा पनि निरन्तर दवाव कायमै राख्ने उल्लेख गरे ।

उनले जातीय विभेद उन्मुलन गर्नुपर्ने आवाज आगामी दिनमा उठाउन नपर्ने गरि पूर्ण रुपमा बिभेद अन्त्य गर्न सबै मिलेर लाग्नुपर्नेमा जोड दिए ।

'समान हक र समान अधिकारका लागि एकीकृत दलित आन्दोलन, समाजवादको आधार निर्माणको लागि संविधान संशोधन' भन्ने नाराका लागि शनिबार नेपालमा अन्तर्राष्ट्रिय जातिय विभेद उन्मुलन दिवस मनाइएको हो ।

## सप्तरीबाट नौ हजारभन्दा बढी विद्यार्थी एसइईमा सहभागी हुँदै

दैनिक समाचारदाता
सप्तरी, ७ चैत । यही चैत १९ गतेदेखि हुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सप्तरीबाट नौ हजार दुई सय ६९ जना विद्यार्थी सहभागी हुने भएका छन् ।

छात्र चार हजार छ सय १६ र छात्रा चार हजार छ सय ५३ गरी कुल नौ हजार दुईसय ६९ जना विद्यार्थी एसइई परीक्षामा सहभागी हुने भएको हो ।

जिल्लामा रहेको समुदायिक ९४ र संस्थागत ५६ गरी एक सय ५० विद्यालयका विद्यार्थी एसइईमा सहभागी हुने जिल्ला शिक्षा समन्वय इकाई सप्तरीका शाखा अधिकृत कमलनाथ यादवले जानकारी दिनुभयो ।

परीक्षा सञ्चालनका लागि जिल्लामा ३९ वटा परीक्षा केन्द्र तोकिएको उहाँले बताउनुभयो ।

"माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि जिल्लामा ३९ वटा परीक्षा केन्द्र तोकिएको छ र अहिले केन्द्रमा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने काम भइराखेको छ" उहाँले भन्नुभयो ।

## जनताद्वारा अभिव्यक्त राष्ट्र निर्माणको दायित्व पूरा गर्न राष्ट्रपतिको आह्वान

दैनिक समाचारदाता
काठमाडौं, ७ चैत । राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा नागरिक स्वतन्त्रताका लागि भएका आन्दोलनमा मधेशी समुदायको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।

मधेशी आयोग स्थापना दिवसका अवसरमा आज राष्ट्रपति भवनमा आयोजित कार्यक्रममा उनले आन्दोलनका उद्देश्य स्वतन्त्रता, समभाव, सामाजिक न्याय, सुशासन, विकास र समृद्धिसहित राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्नु रहेका बताएका हुन् ।

'जनचाहनालाई आत्मसात् गरेर राष्ट्र निर्माणका लागि अघि बढ्नु आजको आवश्यकता हो, हालै सम्पन्न निर्वाचनमार्फत जनताद्वारा अभिव्यक्त देश



विकासको दायित्वलाई पूरा गर्न सबै पक्षलाई आह्वान गर्दछु', राष्ट्रपति पौडेलले भने। साथै उनले मधेशी समुदायले देश विकासमा पुऱ्याएको योगदानको सराहना गरे ।

आयोगले बितेका सात वर्षमा मधेशी समुदायको पहिचान र अधिकारका लागि आधार खडा गरेको बताउँदै राष्ट्रपतिले आगामी दिनमा पनि आयोग सक्रिय रहने पुऱ्याउने विश्वास व्यक्त गरे ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले मधेशभित्रका विविध भाषा, कला, संस्कृति र इतिहास नेपालका गौरव भएका बताए । उनले आगामी दिनमा मधेशी समुदायभित्र पछाडि परेका वर्ग, समुदाय, महिला र सीमान्तकृत समूहको हकहितका लागि आयोगले ठोस कार्यक्रम ल्याउने विश्वास व्यक्त गरे ।राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सांस्कृतिक तथा भाषिक अधिकार सम्वर्द्धन र विकास आयोजना कार्यान्वयनमा मधेशी समुदायको सहभागितालगायत विषयमा सर कार जिम्मेवार हुनुपर्नेमा जोड दिए । त्यस अवसरमा आयोगका विविध सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस,,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४